# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखरी), नेपाल, वैशाख ०६ गते, २०८१ साल (अतिरिक्ताङ्क ०२

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको

## सूचना

लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०१/०६ को बैठकको निर्णयानुसार **"प्रदेश सरकार (कार्य विभाजन) नियमावली,२०७९ को अनुसूची-१ र अनुसूची-२ हेरफेर"** भएकाले सो सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची हेरफेर

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को नियम ६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले उक्त नियमावलीको अनुसूची-१ र अनुसूची-२ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

### अनुसूची-१

### (नियम ३ सँग सम्बन्धित)

### प्रदेशमा रहने मन्त्रालयहरु

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ३. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ४. | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| ५. | उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय |
| ६. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
| ७. | भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय |
| ८. | वन तथा वातावरण मन्त्रालय |
| ९. | शहरी विकास तथा खानेपानी मन्त्रालय |
| १०. | सामाजिक विकास मन्त्रालय |
| ११. | स्वास्थ्य मन्त्रालय |

# अनुसूची-२

## ( नियम ४ सँग सम्बन्धित )

## प्रदेशमा रहने मन्त्रालयहरुको कार्य जिम्मेवारी

| क.सं. | हेरफेर गरिएको मन्त्रालय तथा कार्य जिम्मेवारीको विवरण | कैफियत |
|---|---|---|
| १. | साविकको *अर्थ मन्त्रालयको* सबै कार्य जिम्मेवारी सहित *आर्थिक मामिला तथा योजना मन्त्रालय* कायम गर्ने । | |
| २. | साविकको गृह मन्त्रालयको क.सं. ४३ देखि ४६ सम्मको कार्य जिम्मेवारी हटाई देहायका कार्य जिम्मेवारी सहित आन्तरिक मामिला तथा कानुन मन्त्रालय कायम गर्ने :-<br>१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघीय सरकारसंगको समन्वय र सहकार्य<br>२. अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा<br>३. संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय<br>४. प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन<br>५. प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय<br>६. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तरराष्ट्रिय सीमा सुरक्षामा सहयोग<br>७. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र | |

| | | |
|---|---|---|
| | सुरक्षा, थुनुवा तथा कैदीहरूको अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी<br>८. सामुदायिक प्रहरी सम्बन्धी<br>९. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन<br>१०. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय<br>११. गुनासो र विवाद व्यवस्थापन<br>१२. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन<br>१३. फौजदारी कार्यविधि कानुनको कार्यान्वयन<br>१४. निवारक नजरबन्द र स्थान हद सम्बन्धी<br>१५. स्थानीय प्रशासनको सञ्चालन,व्यवस्थापन र समन्वय<br>१६. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>१७. उपाधि, सम्मान तथा विभूषणको सिफारिस<br>१८. प्रदेशस्तरमा सार्वजनिक विदा, उत्सव, उर्दी आादिको व्यवस्थापन<br>१९. नेपालको संविधान बमोजिम प्रदेशको अधिकार अन्तर्गतको कानुन निर्माण | |

| | | |
|---|---|---|
| | २०. प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा तथा स्वीकृति<br>२१. प्रदेश सभा मामिला सम्वन्धी<br>२२. प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण<br>२३. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना सम्बन्धी<br>२४. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति<br>२५. सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी<br>२६. नागरिक अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्धनमा सहयोग<br>२७. प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन<br>२८. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण<br>२९. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन<br>३०. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन<br>३१. प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन | |

| | | |
|---|---|---|
| | ३२. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन<br>३३. साइवर सुरक्षा अनुगमन<br>३४. छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन<br>३५. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण<br>३६. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन<br>३७. प्रदेश राजपत्रको सम्पादन, प्रकाशन र वितरण<br>३८. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन<br>३९. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी<br>४०. केबुल वितरणको इजाजत, नवीकरण र नियमन<br>४१. चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शनको अनुमति र नियमन<br>४२. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान | |
| ३. | साविकको *भौतिक पूर्वाधार विकास मन्त्रालय*को कार्य जिम्मेवारीको क्र.सं. ६ देखि १५ सम्मका देहायका कार्य जिम्मेवारी सहित *उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय* कायम गर्ने :- | |

| | | |
|---|---|---|
| | १. प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान, नीति, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन<br>२. प्रदेशस्तरमा उर्जा, विद्युत, तथा सिंचाई सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन<br>३. उर्जा, विद्युत, सिंचाई सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन<br>४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन<br>५. प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन<br>६. प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय<br>७. प्रदेशस्तरमा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन<br>८. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन<br>९. जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन | |

| | | |
|---|---|---|
| | १०. प्रदेश भित्रको नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन | |
| ४. | साविकको *उद्योग तथा यातायात व्यवस्था मन्त्रालय*को देहायका कार्यजिम्मेवारी, *साविकको गृह मन्त्रालय*को कार्य जिम्मेवारीको क्र.सं. ४३ देखि ४६ तथा *साविकको वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय*को कार्य जिम्मेवारीको क्र.सं. ३१ देखि ४३ सहित मन्त्रालयको नाम *उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय* कायम गर्ने :-<br>१. सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य<br>२. श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन<br>३. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना<br>४. औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण<br>५. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन<br>६. व्यापार/ वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण | |

| | | |
|---|---|---|
| | ७. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन<br>८. ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन<br>९. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता<br>१०. व्यापारिक फर्मको दर्ता, नवीकरण, खारेजी र नियमन<br>११. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय<br>१२. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी<br>१३. कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>१४. उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन<br>१५. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, | |

| | | |
|---|---|---|
| | सञ्चालन र विस्तार<br>१६. औद्योगिक वस्तुको निर्यात प्रवर्धन<br>१७. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>१८. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन<br>१९. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन<br>२०. संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन<br>२१. अत्यावश्यक वस्तुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय<br>२२. उपभोक्ता अदालत गठन र सञ्चालन<br>२३. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन<br>२४. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, मापदण्ड, कार्यान्वयन र नियमन<br>२५. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन<br>२६. दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी | |

| | | |
|---|---|---|
| | तथा फर्म व्यवस्थापन सम्बन्धी नीति मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>२७. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन<br>२८. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन<br>२९. प्रदेशभित्रका उद्योग (घरेलु, लघु, साना तथा मझौला उद्योग) स्थापना र प्रवर्धन सम्बन्धी नीति, तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>३०. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन<br>३१. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग<br>३२. संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी<br>३३. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन<br>३४. प्रादेशिक पर्यटन विकासको नीति, मापदण्ड र योजना निर्माण<br>३५. प्रादेशिक पर्यटन विकास सम्बन्धी पुर्वाधारको विकास र निर्माण<br>३६. प्रदेशमा पर्यटन प्रवर्धन<br>३७. पर्यटक सुरक्षा व्यवस्थापन<br>३८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्धन तथा सहायता | |

| | | |
|---|---|---|
| | ३९. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी<br>४०. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>४१. ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रदेशस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन<br>४२. प्रदेशस्तरका पुरात्तात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर संरक्षण, सम्भार तथा पुनर्निर्माण सम्वन्धी नीति, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवं अध्ययन, अनुसन्धान तथा उत्खनन<br>४३. धर्म, परम्परा र गुठी अन्तरगत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन<br>४४. प्रदेश स्तरमा संग्रहालय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवम् प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन<br>४५. संस्कृतिको विकास सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन<br>४६. सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा र | |

| | | |
|---|---|---|
| | कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान<br>४७. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन<br>४८. सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य<br>४९. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन | |
| ५. | साविकको *भौतिक पूर्वाधार विकास मन्त्रालय*को क्रम संख्या १ देखि ५ सम्म तथा क्रम संख्या १६ का कार्य जिम्मेवारी र साविकको *उद्योग तथा यातायात व्यवस्था मन्त्रालय*को क्रम संख्या १ देखि ४५ सम्मका देहायका कार्य जिम्मेवारी सहित *भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय* कायम गर्ने :-<br>१. प्रदेश लोकमार्ग सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन<br>२. प्रदेश लोकमार्गको स्तरोन्नति र मर्मत सम्भार तथा सडक सुरक्षा प्रविधिको उपयोग र विकास<br>३. प्रदेश लोकमार्ग सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन र अनुसन्धान<br>४. रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन<br>५. प्रदेशमा निर्माण व्यवसाय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन | |

| | | |
|---|---|---|
| | ६. प्रदेशस्तरको उर्जा, विद्युत, सिंचाई, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान, नीति, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन<br>७. प्रदेशस्तरमा उर्जा, विद्युत, तथा सिंचाई सम्वन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन<br>८. उर्जा, विद्युत, सिंचाई सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन<br>९. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन<br>१०. प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन<br>११. प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय<br>१२. प्रदेशस्तरमा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन<br>१३. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन<br>१४. जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला | |

| | | |
|---|---|---|
| | व्यवस्थापन<br>१५. प्रदेश भित्रको नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन<br>१६. प्रदेशमा निर्माण सामाग्रीको उपलब्धता, व्यवस्थापन र गुणस्तर सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, निर्माण, कार्यान्वयन र नियमन<br>१७. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन<br>१८. प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण<br>१९. प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन<br>२०. प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन<br>२१. वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन | |
| ६. | साविकको *वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय*को कार्य जिम्मेवारीको क्र.सं. १ देखि ३० सम्मका देहायका कार्य जिम्मेवारी सहित *वन तथा वातावरण मन्त्रालय* कायम गर्ने :-<br>१. प्रदेशस्तरमा वन र वन क्षेत्र सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन | |

| | | |
|---|---|---|
| | २. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण<br>४. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन<br>५. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन<br>६. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन<br>७. जडिबुटी खेती प्रविधि प्रर्वधन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन<br>८. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह<br>९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग<br>१०. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन<br>११. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड<br>१२. प्रदेशस्तरमा जलाधार संरक्षण नीति, प्रविधि विकास व्यवस्थापन र कार्यान्वयन<br>१३. प्रदेशभित्र भूस्खलन नियन्त्रण | |

| | | |
|---|---|---|
| | १४. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन<br>१५. प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>१६. प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना<br>१७. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार<br>१८. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन<br>१९. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण<br>२०. खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन<br>२१. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन<br>२२. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्धन<br>२३. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण<br>२४. भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन<br>२५. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण | |

| | | |
|---|---|---|
| | २६. प्रदेशमा पर्यापर्यटनको विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन<br>२७. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन<br>२८. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन<br>२९. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>३०. प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन | |
| ७. | साविकको *वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय*को क्रम संख्या १ देखि ८ सम्म कार्य जिम्मेवारीको क्र.सं. ४४ देखि ४६ सम्म र साविकको *शहरी विकास मन्त्रालय*को देहायका कार्य जिम्मेवारी सहित *शहरी विकास तथा खानेपानी मन्त्रालय* कायम गर्ने :-<br>१. प्रदेश स्तरमा शहरी विकास सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>२. प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>३. प्रदेशभित्रको शहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन | |

| | | |
|---|---|---|
| | ४. प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन तथा प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन<br>५. प्रादेशिक शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण<br>६. सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन<br>७. बस्ती स्थानान्तरण सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>८. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।<br>९. प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना तथा आयोजना तर्जुमा, कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन<br>१०. खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>११. सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता । | |

**आज्ञाले,**

**सुमन घिमिरे**

**प्रदेश सचिव**

**प्रदेश सरकार**